'पार्टी बनाउँछौ, नगर बनाँछौ । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-१२ ● २०७८ असोज १८ गते सोमबार, ● 04 Oct. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## पालिका अध्यक्ष विरुद्ध अख्तियारमा मुद्दा



◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाका अध्यक्ष टंकबहादुर मुक्तानविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेका छ । अध्यक्ष मुक्तानसहित ६ जनाविरूद्ध शुक्रवार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता (सहसचिव) नारायणप्रसाद रिसालले बताए । आयोगमा मुद्धा दायर भएसंगै अध्यक्ष मोत्तान स्वत निलम्बनमा परेका छन् ।

आयोगले आरोपीहरूसँग २ लाख ६० हजार ९०० बिगो मागदावी लिएको छ । आर्थिक वर्ष २०७५-०७६ मा युवा क्षमता विकास तालिम र आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्दा कामभन्दा बढी रकम भुक्तानी लिएर भ्रष्टाचार गरेको आयोगको ठहर छ । आयोगले गाउँपालिकाका तत्कालिन प्रशासकीय अधिकृत लोकबहादुर कुसारी, लेखापाल सुजन श्रेष्ठ, आन्तरिक लेखा परीक्षक त्रिलोक थापामगर, फिलिंगो मिडिया प्रालिका अध्यक्ष रामकुमार रिजाल र सामाजिक विकास अधिकृत मोहन प्रसाद पौडेललाई विपक्षी बनाएको छ ।

उनका अनुसार कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तानलाई २ लाख ६० हजार ९ सय रूपैयाँ बिगो मागदावी, संचालक राम कुमार रिसालसँग २ लाख ६० हजार ९ सय रूपैयाँ र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कुसारी, लेखापाल श्रेष्ठ, आन्तरिक लेखापरीक्षक मगर र सामाजिक विकास अधिकृत पौडेलसँग एकमुष्ठ २ लाख ६० हजार ९ सय रूपैयाँ बिगो असुल समेत हुने गरी भष्टाचारको आरोप पत्र अदालतमा दायर गरेको छ । अख्तियारले मुद्धा दायर गरेसंगै कर्मचारीहरूजती स्वत निलम्बनमा परेको अख्तियारले जनाएको छ ।

## थाहाका सूचना अधिकारी मुलुककै उत्कृष्ट

विकास संवाददाता
थाहानगर




राष्ट्रिय सूचना आयोगले सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा मकवानपुर थाहा नगर पालिकाका सूचना अधिकारी सुरजकुमार भुजेल सम्मानित भएका छन् । काठमाण्डौंमा १२ असोजमा भएको एक समारोहकाबीच राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमल्सिना तथा आयोगका अध्यक्ष महेन्द्रमान गुरूङले सम्मान गरेका हुन् ।

थाहानगरका भुजेलसंगै उत्कृष्ट कार्यसम्पादन गर्ने मुस्लिम आयोगका सूचना अधिकारी दयाराम तिवारी, जिल्ला हुलाक कार्यालय ताप्लेजुङका राजेश चौधरी र जिल्ला हुलाक कार्यालय खोटाङका सूचना अधिकारी सरोज खतिवडालाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको हो ।

त्यसैगरी सूचना हकका अभियन्ता अजयकुमार साह (उदयपुर), डा. मुन्नाकुमार मिश्र (बारा), शैलेन्द्रकुमार महतो (धनुषा), ईश्वरा तिवारी (झापा) र रामपुकार रौनियार पर्सालाई आयोग स्थापना दिवसका अवसरमा गत वैशाख २२ गते घोषणा गरिएको 'विनय कसजू उत्कृष्ट अभियन्ता पुरस्कार' प्रदान गरिएको छ ।

कार्यक्रमको अवसरमा राष्ट्रियसभा अध्यक्ष तथा प्रमुख अतिथी गणेशप्रसाद तिमिल्सिनाले राज्यका हरेक निकायलाई सूचनाको हक प्रदान गर्ने सन्दर्भमा कहीँकतै कमजोरी भए त्यसलाई सच्याउन सुझाव दिए । उनले सूचनाको हक कार्यान्वयनको विषय लोकतन्त्र र सुशासनसँग जोडिएकाले लिने र दिने दुवै जागरूक हुन आवश्यक रहेको बताए ।

उनले भने, 'राज्यबाट सम्पादन हुने काम कारबाहीलाई पारदर्शी तुल्याउन जनता र सबै तहका सरकार सचेत हुनुपर्छ, भ्रष्टाचार न्यूनीकरण, सुशासन कायम र लोकतन्त्रलाई सुदृढ तुल्याउन सूचनाको हक कार्यान्वयनले ठूलो योगदान पुर्‍याउँछ ।' राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले जनताले सही सूचना प्राप्त गर्न नसकेमा राज्यद्वारा प्रदान गरिने सेवासुविधा दुरूपयोग हुन सक्ने बताए । उनले भने, 'सूचनाको हक सुशासनका लागि चाहिने आवश्यक तत्व हो । राज्यको स्रोत साधनको सही सदुपयोग भए/नभएको विषय जनताले सूचनाको हक कार्यान्वयनबाटै थाहा पाउने हुँदा यसको भूमिका र महत्व धेरै छ ।'

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङले मुलुकमा सुशासन कायम गर्न, भ्रष्टाचार घटाउन र नागरिकलाई बलियो तुल्याउन राज्यका निकायले जनतालाई सूचना प्रवाह गर्न कुनै कन्जुस्याइँ गर्न नहुने बताए ।

## थाहानगरमा सामुहिक विद्यालय सञ्चालन गर्न कार्यदल

◆ विकास संवाददाता

निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) थाहानगर समितिको अध्यक्षमा पुनः सुरेन्द्रमान प्रधान सर्वसम्मत चुनिएका छन् ।

होटल पाइनसमा भएको नगर अधिवेशनले पालुङ भ्याली हार्ट एकेडेमीका संस्थापक प्रधानलाई नै पुनः अध्यक्षमा चुनिएको हो । अधिवेशनले उपाध्यक्षमा सरस्वती बिद्या मन्दिर बज्रबाराहीका प्रिन्सिपल सजिन श्रेष्ठ, सचिवमा हिमालयन इङ्लिस सेकेन्डरी बोडिङ स्कुलका संयोजक संगम कार्की, कोषाध्यक्षमा इअन इङ्लिस एकेडेमीका संस्थापक श्यामकृष्ण जोशीलाई चयन गरेको छ ।

अधिवेशनले सदस्यहरूमा पालुङ मोडर्न इङ्लिस मिडियम स्कुलका संस्थापक मनोज रायमाझी, दीपज्योति इङ्लिस स्कुलका संस्थापक रामशरण थापा, न्यु भिजन एकेडेमीका प्रिन्सिपल सुदर्शन कार्की, क्लिफ्टन एकेडेमीका संस्थापक रामकृष्ण बस्नेत र पालुङ अङ्ग्रेजी आवासीय माद्यामिक विद्यालयका संस्थापक सुशिल ओस्थीलाई चयन गरेको छ ।

अधिवेशनले आ.व. ०७६/०७७ को आयव्यय तथा सचिवको प्रतिवेशन पारित गर्दै अध्यक्ष प्रधानले प्रस्तुत गर्नु भएको आगामी नीति तथा कार्यक्रम पारित गर्दै ३ सदस्यीय कार्यदल गठन गरेको छ ।

नीति तथा कार्यक्रम अनुसार निकट भविष्यमा सबै संस्थागत बिद्यालयहरूको सामुहिक सहभागितामा कक्षा ६ देखि १२ कक्षासम्मको सुविधा सम्पन्न विद्यालय सञ्चालन गर्ने प्रस्तावमाथि कार्यदलले अध्ययन गर्नेछ ।

कार्यदलमा अध्यक्ष सुरेन्द्रमान प्रधान, मनोज रायमाझी र श्यामकृष्ण जोशी चुनिनु भएको छ । थाहानगरमा रहेका ९ वटा संस्थागत विद्यालयहरूमा करिव ३ हजार ७ सय विद्यार्थी अध्ययनरत छन् । सामुहिक सहभागितामा कक्षा संचालन गर्दा गुणस्तरी र प्रभावकारी हुने बताइन्छ ।

## हिमालयको अध्यक्षमा स्याङ्तान

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नं ६ मा रहेको हिमालय प्राथमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सुरेशकुमार स्याङ्तान चुनिएकाछन् । भएको अभिभावक भेलाले स्याङ्तानलाई अध्यक्षमा निर्विरोध चयन गरेको हो ।

विगत ८ महिनादेखि व्यवस्थापन समितिको अध्यक्ष रहेका भएको पोटे लामाले आफ्नो कार्यव्यस्तता देखाउँदै असोज ८ गते राजीनामा दिएपछि अभिभावक भेला गरिएको हो ।

बिद्यालय व्यवस्थापन समितिको जेष्ठ सदस्य शान्ती तामाङको सभापतित्वमा कार्यक्रम भएको हो ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
bikaskhabar@gmail.com

# • सम्पादकीय •

## सरकार ! मूल्यवृद्धिमा लगाम लगाऊ

नेपालीहरुलाई सबैभन्दा ठूलो चाड दशैं आइसकेको छ । विदेशमा रहेका आफन्तजन स्वदेश र स्वदेशमै भएकाहरु घर फर्कने क्रम शुरु भइसकेको छ । बजारमा किनमेल गर्ने उपभोक्ताहरुको भिडभाड बढ्दैछ । दशैंमा आर्थिक गतिविधि बढ्छ नै । यही मौका छोपेर मुनाफाखोरहरुले महंगी र कालोबजारी बढाउँछन् । हुनेखानेहरु र खर्च गर्न सक्नेहरुका लागि दशैं उत्साह, उमंग र खुशीको पर्व हो । नहुनेहरुका लागि दशैं दशा बनेर आएको हुन्छ । त्यसैले होला आयो दशैं बाजा बजाउँदै गयो दशैं ऋण बोकाउँदै भन्ने नेपाली कहावत छ । यसभित्र गम्भीर मर्म र पीडा लुकेको छ । तर पनि दशैंको धार्मिक मात्र नभएर सांस्कृतिक महत्वसमेत उत्तिकै भएकोले नेपालीहरुले यो पर्व परापूर्वकालदेखि मनाउँदै आएका छन् । दशैंमा विशेषगरी उपभोग्य वस्तुहरुको माग अत्यधिक हुने गर्छ । त्यसैले कृत्रिम अभाव सिर्जना गरेर मूल्यबृद्धि गर्ने, सडेगलेका म्याद नाघेका अखाद्य वस्तुहरुको बिक्री गर्ने काम ठूलो परिमाणमा हुने गर्छ ।

खुला बजार नीतिलाई स्वीकार गरेको सरकारले बजारमा ठाडै हस्तक्षेप गर्न नसके पनि गलत प्रकारका चलखेल रोक्न सक्छ । तर नेपालमा सत्ताधारी वर्गमा इमान र नैतिकतामा खडेरी पर्दै आएकोले कुनै पनि सरकारले त्यस्तो हैसियत एवं औकात कायम राख्न सकेनन् । सरकारमा पनि गलत काम गर्नेहरुकै पहुँच र बोलवाला हुँदै आएकोले गरीव जनता सधै दु:खी एवं पीडामा छन् । जनताको गरिवी र पीडालाई सधैभरि भोट बैंक बनाउँदै आएका आफूलाई समाजवादी भन्नेहरु अन्तिम समयमा शोषक, सामन्त र अन्यायीहरुकै पक्षमा उभिएको तस्विर हाम्रासामु छ । चाडपर्वलाई लक्षित गरेर सरकारले केही सीमित स्थानमा खोलेका सुपथ मूल्य पसलहरु यतिबेला देखावटीरुपमा मात्र रहेका छन् । त्यस्ता पसलहरुमा दैनिक उपभोग्य वस्तुका नाममा नुन र चिनीसमेत उपलब्ध छैन । यो बेला निजी क्षेत्र पनि थोरै मुनाफा खाएर सर्वसाधारण नागरिकलाई राहत दिनुको साटो पैसा कमाउने मौका कुरेर बसेजस्तो देखिएको छ । त्यसैको परिणाम हो– मूल्यबृद्धि बेलगाम बढिरहेको छ । दशैं तिहारजस्ता चाडपर्व आउनु भनेको मूल्यबृद्धि र कालोबजारी गर्ने अवसर आउनु जस्तै भएको छ । नेपालमा मौलाउँदै आएको दलाल नोकरशाही पूँजीवादले यसमा छत्रछाँया दिँदै आएको छ । जति सरकार बने पनि राज्यको आधारभूत चरित्रमा कुनै फरक आउन नसक्नुमा यही चरित्रले काम गरेको छ ।

संघ, प्रदेश र स्थानीय अहिले तीन तहको सरकार छ । यिनले चाहने हो भने सरकार मातहतका वा उसको स्वामित्वमा रहेका संस्थाहरुमार्फत् सर्वसाधारण नागरिकको हितमा काम गर्न सक्छ । अति आवश्यकीय वस्तुहरुमा अनुदान दिएर राहतमुखी कार्यक्रम ल्याउन सकिन्छ । तर नेपालमा अहिलेसम्म जनताको सरकार बन्न सकेन । यहाँ त महामारीको बेला स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार हुने गर्छ । यहाँ जनसेवी हैन जनतामाराकै विगविगी छ । राज्यका कुनै पनि संयन्त्र स्वच्छ छैनन् न त जवाफदेहीता नै छ । दशैंको मुखमा सरकारले सञ्चालन गरेको सुपथ मूल्य पसल अहिले औचित्यहीन देखिएका छन् । प्रचारमुखी कुरा गर्ने तर काम पटक्कै नगर्ने शैलीले गर्दा यस्ता पसल साइनबोर्डमा सीमित छन् । सरकारले आफू मातहतका साल्ट ट्रेडिंग, नेशनल ट्रेडिंग, खाद्य संस्थानमार्फत् चाडपर्वमा थोरै राहत दिन सक्थ्यो । तर सरकारको ध्यान कुर्सी जोगाउनमै बढी केन्द्रित हुँदा गर्नुपर्ने सबै कामहरु थाती रहेको देखिन्छ । आफूभित्रको अकर्मण्यतामा स्वयं फसेपछि बाहिर निस्कन गाह्रो भएजस्तै राज्य संयन्त्र निकम्मा बन्नु स्वाभाविक हुन पुग्छ । त्यसैको प्रतिफल नै होला, जनताले आफ्नो जीवनमा परिवर्तन आएको अनुभूति गर्न सकेका छैनन् । यो काम स्थानीय तहको पनि अधिकार क्षेत्र भित्र पर्छ उनीहरुले पनि यस तर्फ ध्यानै दिएका छैनन् ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकास र सामाजिक नीतिको सम्बन्ध

हाम्रो सन्दर्भमा सामाजिक नीतिको महत्व ज्यादा हुने भएकाले यसको निर्माणको समयबाटै विकास केन्द्रित रोजगारी सिर्जनामा उपयोगी साक्षरतामा वृद्धि, बाल तथा मातृ स्वास्थ्यमा सुधार, सरल ऋणको व्यवस्था, सुरक्षाजस्ता विविध पक्षमबा ध्यान दिनुपर्छ । सामाजिक न्याय समावेशी र महिला सशक्तीकरणमा बढी चनाखो हुनु जरुरी देखिन्छ ।



सुदर्शन अधिकारी

सामान्यतया विकास भन्नाले समाजमा हुने सकारात्मक परिवर्तन हो । त्यसैले त परिवर्तन र विकास एकअर्काका परिपूरक पनि हुन्छन् । विकाससँगै उद्योग र कलकारखानाको स्थापना पनि हुनु अनिवार्य मानिन्छ । किनभने उद्योग त्यस्तो महत्वपूर्ण क्षेत्र हो जसले ठूलो संख्यामा श्रमिकलाई रोजगारी उपलब्ध गराउँछ । अब रह्यो उद्योग स्थापना गर्ने सवाल, यसले मानवका आधारभूत आवश्यकताभित्र पर्ने बाटो, बिजुली, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, यातायातलगायतका विविध पक्षको विकासको खाँचो रहन्छ । विकासको क्रममा नै उत्पादनले व्यावसायिकता र व्यापकता पाउँछ । हामीले अवलम्बन गरेका विकासका लक्ष्य प्राप्त गर्नका लागि धेरै कार्य गर्नुपर्ने देखिन्छ ।

हाम्रा विकासका कार्यक्रम ज्यादै बृहत् र चुनौतीपूर्ण मात्र नभई महत्वाकांक्षी समेत देखिन्छ, जुन पूरा गर्नका लागि ठूलो मात्रामा स्रोत र साधनको आवश्यकता पर्छ । सामाजिक परिवर्तनका सवालमा भन्नुपर्दा विकासका कार्य पनि निरन्तर चल्ने प्रक्रिया हो । आज हामी विकासको जुन अवस्थामा आइपुगेका छौं, यी सबै परिवर्तनकै परिणाम हुन् । समाज एकैपटक परिवर्तन हुने, आधुनिक बन्ने र सुसंस्कृतको अवस्थामा आउने पनि होइन । सामाजिक परिवर्तनको गति आफ्नै रूपको हुन्छ ।

विकासको महत्वपूर्ण विशेषता भनेकै एउटै गति नहुनु हो । यसलाई प्रभाव पार्ने विभिन्न तत्वहरू हुन्छन् । शिक्षा, पुँजी, दक्ष जनशक्ति, स्रोतसाधन, प्राविधिक ज्ञान, आधुनिक उपकरण, प्रभावकारी योजना तथा कार्यक्रमजस्ता तत्वहरू हुन्छन् । विकास र प्रगति एकअर्काका परिपूरक पनि हुन् । सकारात्मक र मानवको चौतर्फी प्रगति नै सही अर्थमा विकास हो । विकासका लागि योजनाको महत्वपूर्ण भूमिका रहन्छ । बिनायोजनाको विकास अत्यन्तै मन्द गतिमा र ढिलो मात्र देखिन्छ ।

विकासले समाजको मात्रात्मकभन्दा गुणात्मक प्रगतिलाई जनाउने हुँदा समाजमा हामी गुणात्मक र तीव्र परिवर्तन चाहन्छौं भने व्यक्ति सक्षम, सक्रिय र बलियो हुनु जरूरी हुन्छ । राज्यले कल्याणकारी विकासका माध्यमबाट गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सञ्चार, विद्युत्लगायतका सुविधाहरू सहज रूपले उपलब्ध गराउनुपर्ने हुन्छ । हाम्रो सन्दर्भमा भन्ने हो भने अव्यवस्थित र बिनायोजना बस्ती विकास हुँदा सहरमा समेत सामान्य सुविधा नपाइने अवस्थाको सिर्जना भएको छ । हामीले गर्ने गरेका विकासका कार्य दाता देशको अनुकूलमा हुने गरेका छन्, जसले वास्तविक विकासलाई आत्मसात् गर्न नसकिरहेको देखिन्छ । विकाससँगै रोजगारी, वातावरण, आय आर्जन पनि जोडिएर आउने भएकाले विकासका कार्यमा दूरदर्शिता अपनाउनुपर्ने हुन्छ ।

हामीले सामाजिक नीतिको अवलम्बन गरेको पनि लामो समय भइसकेको छ । २०५१ सालमा तत्कालीन एमालेको अल्पमतको सरकारले वृद्ध भत्ता दिने व्यवस्था गरेसँगै विकास भएको देखिन्छ । सामाजिक नीतिको मूल उद्देश्य भनेकै मानवहरूबीचको अवस्था सुधार गर्नु हो । नेपाली समाजमा गरिबी र अशिक्षा अझै व्याप्त छ । गरिबीले नै समाजमा वर्ग निर्धारण गर्छ । सामाजिक नीतिले विपन्न वर्ग र समुदायमा पछाडि परेकाहरूको अवस्थामा सुधार ल्याउने कार्य गर्छ । सामाजिक नीतिले मानवको शिक्षा, स्वास्थ्य, रोजगारी, विकास, आम्दानीलगायतका विविध पक्षमा सुधार ल्याउने भएकाले यसको महत्व ज्यादा रहेको रहन्छ । समाजमा मानवका बीचमा विभेद बढ्दै जाँदा कमजोर वर्ग बहिष्करणमा पर्ने अवस्थाको सिर्जना हुन्छ । गरिबीका कारण उनीहरू आधारभूत सुविधाबाट वञ्चित बन्नुपर्ने अवस्थाको निर्माण हुन्छ । सामाजिक नीतिको प्रभावकारितासँगै देशका हजारौं मानवले अनेकौं सुविधा पाएका छन् ।

हाम्रो सन्दर्भमा चर्चा गर्दा वृद्ध भत्ता, अशक्त भत्ता, लोपोन्मुखहरूका लागि मासिक भत्ता, दलितहरूका बच्चालाई उच्च शिक्षासम्म नि:शुल्क शिक्षा, कक्षा १० सम्म नि:शुल्क शिक्षा, छात्राहरूका दिइने छात्रवृत्तिलगायतका अनेकौं शीर्षकमा सामाजिक सुरक्षा पाइरहेका छन्, जुन कार्यक्रम नीतिगत रूपमा सञ्चालन हुँदै आएको छ । देशमा लोकतन्त्रको स्थापनापछि बनेको अन्तरिम सविधान, २०६३ ले सामाजिक नीतिको स्पष्ट व्यवस्था गरेको थियो । यस सवालमा अन्तर्राष्ट्रिय अवस्था कस्तो छ त ? यसलाई हेर्ने हो भने हाम्रो छिमेकी देश चीनले वृद्ध अवस्थामा दिइने पेन्सन र स्वास्थ्य सुविधाको प्रभावकारी प्रयोगले त्यस देशका नागरिकको आयु बढेको छ । अमेरिका, जापान, क्यानडालगायतका विकसित देशले पनि वृद्धि अवस्थामा दिइने पेन्सनको कारणले नै त्यस देशका नागरिकको सरदर आयु बढाएको देखिन्छ । हरेक देशले आफ्नो नागरिकको आर्थिक अवस्था सुधार गर्नका लागि सामाजिक नीतिको प्रभावकारी रूपमा अवलम्बन गरेको हुन्छ ।

त्यस कारणले गर्दा सामाजिक नीति निर्माणका बखतमा नै स्पष्ट भएर अभ्यासमा सहज रूपले लैजान सकिने नीति निर्माण गर्नुपर्ने हुन्छ । सामाजिक नीति बनाउने समयमा शिक्षा, स्वास्थ्य, रोजगारी, नागरिकता, गुणस्तरीय जीवन आदि विषयहरूमा केन्द्रित हुनुपर्छ । समाजमा धेरै प्रकारका आवश्यक्ताहरू हुन्छन्, तर ती आवश्यकतामध्ये सबैभन्दा बढी महत्वको जुन हो त्यसलाई आधार बनाई नीति बनाउनुपर्छ । आम नागरिकको मागलाई भन्दा पनि विषयको गम्भीरतालाई ख्याल गर्दै सामाजिक नीति निर्माण गर्नुपर्छ । यसमा ध्यान दिँदा लक्षित वर्ग को हुन् ? कस्तो कार्यक्रम तय गर्ने ? कुन कार्यक्रमलाई प्राथमिकतामा राख्ने ? जस्ता सवालमा गम्भीर भई निष्कर्ष निकाल्नुपर्छ । पहिचान गरिएका विषयमा विज्ञ सरोकारवाला र सरकारी पक्षका बीचमा व्यापक छलफल गरी नीतिको टुङ्गो लगाउनुपर्छ । नीति निर्माण गर्दा स्पष्ट, व्यावहारिक र कार्यान्वयनमा सहज रूपमा लैजान सकिने बनाउनुपर्छ ।

सामाजिक नीतिले सामाजिक मुद्दाको सम्बोधन पनि गर्न सक्नुपर्छ । नीति निर्माण भएपछि त्यसबारेमा बहुपक्षीय विश्लेषणको खाँचो रहन्छ । विश्लेषणका विषय सामाजिक, आर्थिक, प्राविधिक, वातावरणीय, प्रशासनिक लगायतमा नीतिगत छलफल गर्नुपर्छ । निर्माण गरिएका सामाजिक नीति सहज रूपले कार्यान्वयनको चरणमा लैजानुपर्छ । तयार भएको नीतिका चुनौतीहरू केके हुन सक्छन् ? त्यसका बारेमा व्यापक मात्रामा छलफल हुनु जरूरी हुन्छ । सफल हुने नीति निर्माण भइसकेपछि सम्बन्धित पक्षबीचमा समन्वयका लागि लैजानुपर्छ । यसका लागि संस्थागत संलग्नता, कानुनी पक्ष, समुदाय वा अन्य पक्षका बीचमा समन्वय गर्ने संयन्त्रको निर्माण गर्नुपर्छ । यसमा कुन–कुन निकायले केके कामका लागि के–कस्तो योगदान दिन सक्छन्, त्यसलाई पहिचान गरी समन्वय गर्दै नीतिको तय गर्नुपर्छ । कुनै पनि योजनाको सार्थकता कार्यान्वयनको चरणमा पुगेपछि मात्र हुन्छ । तसर्थ के–कस्ता सामाजिक विषयहरूमा केन्द्रित नीतिहरू बनेका छन्, त्यसलाई ख्याल गरी कार्यान्वयनको प्रक्रियामा लानुपर्छ । कार्यान्वयनका प्रक्रियामा आउन सक्ने समस्याहरूप्रति भने सुरूमा नै सचेत र सजग हुनुपर्छ । अब आउँछ, स्रोतसाधनको उचित समन्वय, प्रशासनिक व्यवस्था, कार्यान्वयन प्रक्रियामा कुशलता प्रदर्शन गर्ने, जुन सामाजिक नीतिमा झन् महत्वपूर्ण हुन्छ । नीतिको तय भएअनुसारका कार्यक्रमको प्रकृतिअनुसार कार्यान्वयनको संयन्त्र मिलाउनुपर्छ । प्रभावकारिताको परीक्षण गर्नका लागि नीतिगत तह, प्रशासनिक तह, आर्थिक पक्ष आदिमा केन्द्रित रहेर निश्चित आधारमा सामाजिक नीतिको मूल्यांकन गर्नुपर्ने हुन्छ । अगाडि नै तयार गरी लागू गरिएका नीतिको प्रभावकारिताका आधारमा सामाजिक नीतिको निरन्तरता निर्भर रहन्छ । नीतिमा भएका कमी–कमजोरीलाई सुधार गर्दै पुन: कार्यान्वयनमा लैजानुपर्छ । नीतिको समीक्षा गरेर कार्यान्वयनको चरणमा लैजाँदा के–कस्ता कार्यक्रम कसरी सन्चालन भए ? लक्ष्य प्राप्ति भयो कि भएन ? कुन पक्षमा समस्या आयो ? सकारात्मक र नकारात्मक पक्षहरू के–के रहे ? जस्ता प्रश्नहरूको प्रभावकारी मूल्यांकन गर्नुपर्छ ।

हाम्रो सन्दर्भमा सामाजिक नीतिको महत्व ज्यादा हुने भएकाले यसको निर्माणको समयबाटै विकास केन्द्रित रोजगारी सिर्जनामा उपयोगी साक्षरतामा वृद्धि, बाल तथा मातृ स्वास्थ्यमा सुधार, सरल ऋणको व्यवस्था, सुरक्षाजस्ता विविध पक्षमबा ध्यान दिनुपर्छ । सामाजिक न्याय समावेशी र महिला सशक्तीकरणमा बढी चनाखो हुनु जरूरी देखिन्छ । यसले अन्ततः हाम्रो आर्थिक विकासमा ठूलो टेवा पुग्छ ।

# मनरोगबाट बचाउने अचुक उपाय ध्यान



परिवार, करियर, कमाई, प्रतिस्पर्धाले हामीलाई अशान्त बनाएको छ । यसले हाम्रो मनमा तनाव पैदा गरि दिएको छ । जीवन बोझिलो भएको छ । हामी भित्र-भित्रै इर्ष्य, चिन्ता, डर, उदासीले छटपटाइरहेका छौं ।

हामी आफ्नो भविष्य सोचेर भयभित छौं । हामी आफ्नो विगत सम्झेर पछुतोमा छौं । भनौं, हामी अशान्त, अधैर्य छौं ।

त्यही कारण त हामीलाई अनेकथरी रोगले च्याप्न थालेको छ । चिन्ता, डिप्रेसन, उच्च रक्तचाप, मधुमेह सबै यीनै मानसिक विकारको उपज हुन् ।

आज हामी मनोचिकितसक, मनोवैज्ञानिक तथा मुटु रोग विशेषज्ञकहाँ धाइरहेका छौं । त्यतिमात्र हैन, आर्थिक अभाव, सम्बन्धमा आएको खटपटका कारण पनि हामीमा चिन्ताको पारो बढेको छ ।

यस्तो तनावले हाम्रो मन र मस्तिष्कलाई प्रभावित पार्छ । मन र मस्तिष्क अस्वस्थ्य भएमा शरीरमा कयौ प्रकारको रोग निम्तने गर्छ ।

अध्ययनले जनाए अनुसार यस किसिमको अस्थिर मानसिकताले हाम्रो शरीर र मन दुबै रोगी बनाइदिन्छ । यसैको नतिजा हो, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, सास प्रश्वास सम्बन्धि समस्या, पाचन प्रणालीको समस्या, मांसपेशी दुख्नु ।

भनिन्छ नि, बाहिरी सत्रुसँग लड्न सकिन्छ, आफैसँग लड्न कठिन हुन्छ । हामी आफैभित्रको विकारसँग लड्न सक्दैनौं । हामीलाई आफैभित्रको विकार तत्वसँग जुध्न र त्यसलाई परास्त गर्न मुश्किल हुन्छ । मनभित्रको औडाह, वेचैनी, भय, चिन्ता, उदासीसँग कतिपय भाग्ने चेष्टा गर्छन् । तर, भागेर कहाँ जाने ? भाग्नु कुनै समस्याको समाधान होइन ।


आफैभित्रको यी विकारसँग हामी लड्ने, जुध्ने भन्दा पनि व्यवस्थापन गर्ने विधी सर्वोत्तम हो ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# खानै नहुने कार्बोहाइड्रेट ?


इन्द्रप्रसाद सिटौला
पोषणविद्

अहिले धेरैले आफ्नो छाकबाट आलु कटौती गरेका छन्, धेरैले चामल पनि । चामल, आलु खाएमा मोटोपन बढ्छ, मधुमेह हुन्छ भन्ने आम बुझाई छ । त्यसैले कार्बोहाइड्रेडयुक्त खानेकुरा खान छाड्ने जमातको घनत्व बढ्दैछ । अर्कोतिर अन्धधुन्ध किटो डाइट लिनेहरू पनि कम छैनन् । उनीहरू आफ्नो छाकबाट पूर्णतय कार्बोहाइड्रेट हटाउनुपर्छ भन्छन् । के वास्तवमा यो सही हो ?

शरीरमा ऊर्जाको मुख्य स्रोत कार्बोहाइड्रेट मुक्त खानाले कति असर गर्छ त ? पोषणविद् इन्द्रप्रसाद सिटौला शरीरमा कार्बोहाइड्रेटको मात्रा कम गराएर शरीर स्फूर्ति र ऊर्जावान बन्न नसक्ने बताउँछन् ।

हामीले खाने खानामध्ये चामलमा धेरै कार्बोहाइड्रेट हुन्छ भने थोरै मात्र अरू पोषक तत्व हुन्छ । त्यसैले मोटोपन भएका मान्छेले चामलको विकल्प खोज्नुपर्छ भन्ने मान्यता छ । तर सिटौला यसमा सहमत छैनन् । उनी भन्छन् 'जुनसुकै खानेकुरा सही मात्रामा खाने हो भने खानाले शरीरमा धेरै नोक्सानी गर्दैन ।'

त्यस्तै, चामलपछि मैदालाई खानामा प्रयोग गर्दैनन् । किनभने मैदामा छोक्राहरू निकालेर धेरै मिहीन ढंगले पिँधेको हुनाले यसमा धेरै कार्बोहाइड्रेट हुन्छ । सिटौला मैदामा ९५ प्रतिशतसम्म कार्बोहाइड्रेटको मात्रा पाइने बताउँछन् । तर गहुँमा मिनरल एवं फाइबरको मात्रा धेरै पाइन्छ । त्यसैले यसलाई किटोडाइट प्रयोग गरिरहेकाहरूले गहुँ प्रयोग गर्न सुझाव दिन्छन् तर मैदा खाँदैनन् ।

### कार्बोहाइड्रेट किन ?

धैरैजसोले कार्बोहाइड्रेटलाई तौल बढाउने कारण मान्छन् । त्यही कारण उनीहरू आफ्नो छाकबाट कार्बोहाइड्रेटयुक्त खानेकुरा कटौती गर्छन् । जबकि स्वस्थ जीवनका लागि बोसो र प्रोटिन जति जरूरी हुन्छ, कार्बोहाइड्रेट पनि उत्तिनै महत्वपूर्ण हुन्छ । कार्बोहाइड्रेट प्राथमिक उर्जा स्रोत हो ।

कार्बोहाइड्रेट कार्बनिक पदार्थ हो जसमा कार्बन, हाइड्रोजन वा अक्सिजन हुन्छ । यसमा हाइड्रोजन र अक्सिजनको अनुपात जल समान हुन्छ । कतिपय पोषणविद त के पनि भन्छन् भने कार्बोहाइड्रेटले पाचन तन्त्र सुधार्न मद्दत गर्छ । यसैले सन्तुलित आहारका लागि कुनैपनि खानेकुरा हटाउन जरूरी छैन । सही मात्रामा र सही ढंगले खानुपर्छ ।

### के खाने कति खाने ?

मोटोपना नियन्त्रण गर्ने बाहानामा एक सातामा ५ किलो घट्यौ भन्ने खालका कुराहरू सामाजिक सञ्जालमा देख्न सकिन्छ । तर एकैपटक यति धेरै तौल घटाउनु पनि स्वास्थ्यको लागि फाइदा जनक नहुने दाबी पोषणविद्को छ । सिटौला भन्छन् 'यो नियमित प्रक्रिया हो र बिस्तारै बिस्तारै शरीरको तौल कम हुनु स्वास्थ्यको लागि फाइदाजनक हुन्छ ।'

जस्तो, कार्बोहाइड्रेड नियन्त्रणको बाहानामा मासु नै नखाने पनि होइन र धेरै मासु खाने पनि होइन । थोरै मात्रामा मासु खान मिल्छ । मासुको सवालमा बच्चाको उमेर र तौलको आधारमा कति खान मिल्ने भन्ने फरक अंक हुन्छ । बढीजसो ५० देखि ६० वर्ष उमेरका मान्छेले ७० ग्रामभन्दा धेरै मासु एकदिनमा खानुहुन्न । जसले मोटोपना, कोलेस्ट्रोल जस्ता समस्याहरू देखिन्छ । रातोमासुमा कोलेस्ट्रोल धेरै हुने भएकोले धेरै खानु हुन्न ।

हुन त फलफूलमा पनि कार्बोहाइड्रेट हुन्छ । तर यसमा फाइबर, मिनरल पनि हुन्छ । त्यसैले फलफूल खाँदा जोखिम मानिरहनु पर्दैन । तर किरा नियन्त्रणको लागि भनेर किटनाशक औषधि हाल्नु भने समस्याको कारण हो । च्याउहरू अंगुर जस्ता फलफूलमा यस्तो मिसावट हुन सक्छ । यसको नियन्त्रणको लागि घर ल्याएपछि राम्रोसँग पानीमा डुबाएर खायो भने यसले समस्या सिर्जना गराउँछ ।

फेरि फलफूल खान हुन्छ भनेर टन्न गाजर, मुला जस्ता फलफूलहरू खान थालियो भने यसले पनि शरीरलाई नोक्सानी पुऱ्याउन सक्छ । सिटौला भन्छन् 'साग खाने बेलामा पूरा गलाएर होइन, ओइलाए जस्तो देखिएपछि खानुपर्छ । तर राम्रोसँग पखालेर किटनाशक औषधि भने पखाल्नुपर्छ ।

### नियमित बाहेकको खाना तालिकाका लागि पोषणविद्सँग परामर्श

सिटौला नियमित समयमा खाना खाने र परम्परादेखि खाँदै आएको भोजन स्वास्थ्यको लागि उपयुक्त रहेको बताउँछन् । तर यदि जुनसुकै बहानामा भए पनि खानाको तालिका र परिकारमा बदलाव ल्याउने हो भने पोषणविद्हरूसँग परामर्श लिनुपर्ने बताउँछन् ।

यदि मोटोपन नियन्त्रणका लागि होस् या त अरू कारणले पनि खानामा नियन्त्रण गर्नुपर्ने भएमा अनिवार्य पोषणविद्सँग परामर्श लिनुपर्ने सिटौला बताउँछन् । 'पोषणविद्हरूले तौल घटाउने/बढाउने जेको लागि पनि एउटा समयतालिका मिलाएर पोषक तत्वयुक्त खानेकुरा खाँदा यसले शरीरमा साइड इफेक्ट निम्त्याउँदैन । त्यसैले मासु कति खाने, अण्डा कति खाने ? कस्तो अवस्थामा के खाने के नखाने भन्ने विषयमा पनि पोषणविद्सँग सल्लाह गर्नुपर्छ ।

सिटौला भन्छन् 'डाइट भनेको नै नियन्त्रण गर्नु हो । खानामा हुने नियन्त्रण नै डाइट हो । नियन्त्रण भनेर सबै कुराको नियन्त्रण नभएर अनावश्यक पोषक तत्वको नियन्त्रण र आवश्यक तत्वको पूर्ति गर्ने हो भने त्यो नै सबैभन्दा ठूलो डइट हो ।

अहिले मोटोपन घटाउने दावी सहित थुप्रै डाक्टर, क्लिनिकले किटो डाएटमा मान्छेलाई उक्साइरहेका छन् । तर यो सधैंभरिको लागि पूर्ण समाधानको उपाय होइन । यो खानामा नियन्त्रण गरेको हो । यसले धेरै नोक्सानी त गर्दैन । तर यसमा एउटा कुरा कमजोरी भयो भने अर्को अंगलाई असर गर्छ ।

# विश्वमा ८१ करोड मान्छे भोकै सुत्छन्, त्यसमा ६० प्रतिशत महिला

संसार विचित्र छ । जो अन्न उत्पादन गर्छन्, खेती किसानी गर्छन् । उनीहरू नै पर्याप्त खान पाउँदैनन् । चर्को घाम नभनी, बर्खे झरी नभनी अरूका लागि खानेकुरा उत्पादन गर्ने धेरै किसान आधा पेट पनि खान पाउँदैनन् ।

यसैगरी जो भान्सामा काम गर्छन्, परिवारका लागि खानेकुरा बनाउँछन् । उनीहरू पनि पुग्दो खान पाउँदैनन् । पछिल्लो एक रिपोर्टले भन्छ, अरूका लागि अन्न उत्पादन गर्ने, अरूको लागि खाना पकाउनेहरूले पर्याप्त पौष्टिक खाना खान पाएका छैनन् । फुड एन्ड एग्रिकल्चर अर्गनाइजेसनको द स्टेट फूड सेक्युरिटी एन्ड न्यूट्रिशन इन द वर्ल्ड २०२० को एक रिपोर्ट अनुसार छिमेकी मुलुक भारतमा करिब १९ करोड मान्छे पौष्टिक खानपानबाट वञ्चित छन् । भारतको कुल जनसंख्यामध्ये १४ प्रतिशतले राम्रो खानपान गर्न पाएका छैनन् । त्यसमा पनि महिलाको संख्या धेरै छ । उनीहरूमा एनिमिक अर्थात रगतको कमी छ । यसको अर्थ महिलाहरूमा आइरन, क्याल्सियम, मिनरल्सयुक्त खानपान मिलिरहेको छैन । भारतको यो स्थिती नेपाली सन्दर्भमा पनि मिल्दोजुल्दो छ । वर्ल्ड फूड प्रोगामको अनुसार विश्वका करिब ८१ करोड मान्छे भोकै सुत्छन् वा उनीहरू पर्याप्त खान पाउँदैनन् । त्यसमा पनि करिब ६० प्रतिशत महिला छन् । विश्वमा पाँच बर्षको उमेरका करिब २० प्रतिशत बालबालिको तौल आफ्नो उमेरको तुलनामा निकै कम छ ।

यसैबीच उदेगलाग्दो कुरा त के भने, यत्तिका मान्छेहरू भोकै सुत्न बाध्य छन् वा पेटभर खान पाइरहेका छैनन् । जबकि हाम्रो भान्साबाट यस्ता थुप्रै खानेकुरा नष्ट भइरहेका छन् । विश्वभरको तथ्यांक हेर्दा हरेक बर्ष कुल खानाको एक तिहाई खाना मान्छेले उपभोग नगरी नष्ट गर्छन् ।

# गुराँस पोलिक्लिनिक हेटौंडामा प्रशासनको ताला




◆ विकास संवाददाता

बागमती प्रदेशको राजधानी हेटौंडा स्थित राप्तिरोडमा संचालित गुराँस पोलिक्लिनिक तथा श्री साई फार्मेसीमा मकवानपुर जिल्ला प्रशासन कार्यलयले ताला लगाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालको नेतृत्वमा गरिएको अनुगमन क्रममा गुराँस पोलिक्लिनिकमा लाइसेन्स नभएको व्यक्तिले औषधि बिक्री वितरण गरिएको पाइएपछि प्रशासनले ताला लगाएको हो । संचालकले कर्मचारीको आवशयक कागजपत्र देखाउन नसकेपछि ताला लगाइएको बताईएको छ । अनुगमनमा स्वास्थ्य कार्यालय, घरेलु कार्यालय, हेटौंडा उपमहानगर, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूका साथै पत्रकारहरूको सहभागिता रहेको थियो ।

अनुगमनमा स्वास्थ्य कार्यालय, घरेलु कार्यालय, हेटौंडा उपमहानगर, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूका साथै पत्रकारहरूको सहभागिता रहेको थियो ।

# थाहा नेपाल शुभारम्भ

◆ विकास संवाददाता

बागमती प्रदेशको हेटौँडामा नयाँ अनलाइन पोर्टल थाहा नेपाल डट कमको शुभारम्भ भएको छ । एक कार्यक्रमको आयोजना गरि पुर्व स्वास्थ्य एवम् शिक्षा, विज्ञान प्रविधि मन्त्री र नेकपा माओवादी केन्द्रका स्थायी कमिटि सदस्य तथा स्कुल विभाग प्रमुख गिरिराजमणी पोखरेलले उद्घाटन गरे ।

हरेक विषयमा जिम्मेवार तथा गहन सन्तुलित खबर र समाचार सम्प्रेषण गर्ने उद्देश्यका साथ थाहा नेपाल डटकमको शुरू गरिएको अनलाईन डटकमका अध्यक्ष सुनिल खड्काले बताए । सञ्चार क्षेत्रमा कार्यरत व्यक्तिहरूले कार्यक्रममा थाहा नेपाल डटकमलाई शुभकामना र शुभेच्छा, व्यक्त गरे ।

मककवानपुर जिल्लाबाट बिगत १८ बर्षदेखि नियमित प्रकाशित भइरहेको निकास साप्ताहिक र र्सामुदायिक रेडियो, रेडियो सन्देश १०६.९ मेगाहर्जको बार्षिक उत्सव कार्यक्रम समेत सोही अवसरमा मनाइएको थियो ।




# ढुङ्गेधारा विकास गरिने

◆ विकास संवाददाता

मकवानपुरको धार्मिक पर्यटकीय स्थलको रूपमा हेटौंडा–५ को ढुङ्गेधार ालाई विकास गरिने भएको छ । ढुङ्गेधार ाको महत्त्वसहित दुर्गादेवीको दरबारको रूपमा विकास गरिने भएको हो ।

कार्यक्रमको उद्‌ाटन् गर्दै हेटौंडा उपमहानगरका मेयर हरिबहादुर महतले पर्यटकिय क्षेत्रको विकासमा उपमहानगरले पनि सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरे । कार्यक्रममा ढुङ्गेधाराको विकासको लागि स्थानीयस्तरबाटै सहयोग जुटेको छ । ढुङ्गेधारा पर्यटन बिकास मन्चको अध्यक्ष इशोर ढुङ्गानाले जिल्लाको नयाँ पर्यटकीय क्षेत्रको पहिचानसहित, हरेक उमेर समुहको लागि बस्ने, हिड्डुल गर्ने पार्क, ठुलो शिवको मुर्ती लगायत भौतिक संरचना निर्माण हुने बताए ।

ढुङ्गेधारा पर्यटन विकास मञ्चको आयोजनामा हेटौंडामा भएको वडादशैं, दिपावलि, नेपाल सम्बत तथा छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा हेटौंडा ५ का वडा अध्यक्ष राजेश बानियाँले वडाले सकेको सहयोग गर्ने बताए ।

# वर्ष दिनमै ५४ किलोमिटर सडक पक्की

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले एक वर्षमै ५४ किलोमिटर सडक पक्की निर्माण गरेको छ । बितेको एक आर्थिक वर्षमा उपमहानगरपालिकाले स्लाब ढलान र कालोपत्रे समेत गरेर सडक पक्की निर्माण गरेको हो ।

उपमहानगरपालिकाको लगानीमा हेटौंडाका १९ वटै वडामा गरेर एक वर्षमा ५४ किलोमिटर सडक पक्की निर्माण गरिएको मेयर हरिबहादुर महतले बताए । बागमती प्रदेश सरकार र संघीय सरकारले निर्माण गरेको भन्दा बाहेककै क्षेत्रमा समेत एक वर्षको अवधिमा यतीका धेरै सडकहरू पक्की निर्माण भएका हुन् ।

हेटौंडाको साविकका ११ वटा वडा र पछी थपीएका वडाहरूमा सडक पक्की निर्माण गर्ने अभियाननै चलेको मेयर महतले वताउनुभयो । सबैभन्दा धेरै स्लाब ढलान ५२ दशमलब ७१ किलोमिटर सडक ढलान गरिएको हो ।

कालोपत्रे भने एक दशमलब ५ किलोमिटर क्षेत्रमा मात्र गरिएको उहाँले बताए । धेरैजसो सडकमा पानी जम्ने समस्याका कारण सडकमा कालोपत्रे भन्दा पनि स्लाब ढालनमा जोड दिइएको उनले बताए ।

कालोपत्रेको तुलनामा स्लाब ढलान महगो भएपनि बर्षौं सम्म टिक्ने गर्दछ । कालोपत्रे सडक कम टिकाउ हुने गरेको छ । सडक निर्माणको अधिकांश काम स्थानीय उपभोक्ता समिति मार्फत काम गरिएको छ । ठेक्का लगाएर भने अत्यन्त कम निर्माण गरिएको छ ।

# रिसर्च इन्टर्न कार्यान्वयन सम्बन्धी समझदारी

◆ विकास संवाददाता

हेटौंडा उपमानगरपालिका वडा नम्बर–१३ मा रहेको वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर र मकवानपुर बहुमुखी क्याम्पसका बीचमा स्वीकृत रिसर्च इन्टर्न कार्यान्वयन सम्बन्धी समझदारी पत्रमा आज हस्ताक्षर गरिएको छ । केन्द्रका प्रमुख रघुराम पराजुली र मकवानपुर क्याम्पसका प्रमुख डाक्टर शंकर प्रसाद उपाध्यायका विचमा हस्ताक्षर भएको हो ।

अनुसन्धान केन्द्रमा वनस्पतिको अध्ययन, अनुसन्धान, संरक्षण तथा वनस्पति सम्बन्धी व्यवहारिक सिकाइको समेत अवसर रहेकोले रिसर्च इन्टर्नलाई पनि कार्यालयले प्रोत्साहन दिंदै आएको छ । यसै अनुरूप आर्थिक वर्ष ०७८/०७९ को रिसर्च इन्टर्न कार्यक्रममा विज्ञान विषयमा स्नातक तहको पढाइ हुँदै आएको मकवानपुर बहुमुखी क्याम्पसबाट माग भइ आएकोले समझदारी पत्रमा हस्ताक्षर गरिएको हो । समझादारी पत्रमा प्रथम पक्ष र दोश्रो पक्षबीच रिसर्च इन्टर्नको लागि विद्यार्थी छनोटको लागि समन्वय हुने भएको छ ।

दोश्रो पक्षले प्रथम पक्षलाई रिसर्च इन्टर्नको लागि प्रथम पक्षको कार्यक्षेत्र अनुकूलका उमेदवार उपयुक्त संख्यामा उपलब्ध गराए पश्चातमात्र सम्झौता भइ कार्यान्वयनमा जाने भएको केन्द्रका प्मुख रघुराम पराजुलीले बताए । सम्झौता हुनु अगावै वन तथा वातावरण मन्त्रालय वा वनस्पति विभाग वा अन्य कुनै तालुकी निकायबाट समझदारी गर्न नहुने खालका कुनै नीतिगत निर्देशनहरू भएमा समझदारी स्वत खारेज हुने वताइएको छ ।

वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको वनस्पति विभाग मातहत सात वटा वनस्पति अनुसन्धान केन्द्रहरू र तीन केन्द्रिय कार्यालयहरू रहेका छन् । यी मध्ये वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर एक हो। नेपाल संघीय शासन प्रणालीमा गइसकेपछि नयाँ संरचना अनुरूप वनस्पति विभाग र अन्तर्गतका निकायहरू २०७६ सालबाट संघ अन्तर्गत रहेका छन् ।

सोही क्रममा साविकका जिल्ला वनस्पति कार्यालयहरू वनस्पति अनुसन्धान केन्द्रमा रूपान्तरित भएका छन् । वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर अन्तर्गत तीन वटा वनस्पति उद्यानहरू सञ्चालनमा रहेका छन् । वानस्पतिक अध्ययन अनुसन्धानको लागि विभिन्न कलेज तथा विद्यालयका विद्यार्थीहरूको लागि वनस्पति अनुसन्धान केन्द्र अन्तर्गतका वनस्पति उद्यानहरूमा थप आकर्षण बढ्दै गइरहेको छ ।

# मकवानपुरका १ लाख ४३ हजारले कोरोना बिरूद्धको पूर्ण खोप लगाए



◆ विकास संवाददाता

मकवानपुर जिल्लामा कोरोना भाइरस संक्रमण बिरूद्धको पूर्ण खोप लगाउने एक लाख ४३ हजार २ सय ५५ जना रहेका छन् । कोरोना बिरूद्धको पहिलो खोप लगाउने एक लाख ९ हजार ८ सय २० जना पुगेका छन् । कोरोना भाइरस संक्रमणको दोस्रो लहर फैलिएपछी धेरैले कोरोनाको डरले खोप लगाएका छन् । त्यस भन्दा पहिले बृद्धबृद्धाहरूलाई लगाउनका लागि आएको खोप लगाउने अत्यन्त कम मात्रै थिए ।

अहिले पहिलो मात्रा खोप लगाएकाहरूलाई जिल्लाका दशवटै स्थानीय तहमा खोप लगाउने काम भइरहेको स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख प्रणय उपाध्यायले बताए । दोस्रो मात्रा खोप लगाउनका लागि कुनै अभाब समेत नभएको उनले बताए ।

पहिले खोपको चरम अभाब भएपनि अहिले भने त्यसको समस्या छैन । जिल्लाका दश वटै स्थानीय तहमा कोरोना विरूद्धको खोप लगाउनेको सख्या दिनहुँ बढ्दै गएको छ । पहिलो खोप लगाएकाहरू मध्य कोभिशिल्ड खोप लगाउनेहरूलाई मात्र खोप आउन बाँकी रहेको र भेरोसेल खोप लगाउनेहरूलाई भने दोस्रो मात्र लगाउनुपर्ने समयमै लगाइ राखिएको उनले बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# "पार्टी बनाउँछौं, नगर बनाउँछौं"




*२०४६ सालदेखि नेपाली काँग्रेसमा क्रियाशील बज्रवाराहीका प्रमोदकृष्ण जोशी ९ असोजमा सम्पन्न नगर अधिवेशनबाट थाहानगर कार्यसमिति सभापति निर्वाचित भए । राजनीतिक क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रमा समेत उत्तिकै क्रियाशील जोशी काँग्रेस नगर सभापतिमा निर्वाचनबाट बिजयी भएलगत्तै बधाइ दिँदै थाइटाइम्सले सोध्यो– सभापतिमा विजयी हुनुभयो, अब के गर्नुहुन्छ ? उनको जवाफ थियो– पार्टी पनि बनाउछौं, नगर पनि बनाउछौं । यही सेर ोफेरोमा रहेर हामीले सभापति जोशीसँग थप तीन प्रश्न सोध्यौं । प्रस्तुत छ सभापति जोशीको प्रतिक्रियाको सारसंक्षेप :*

***नेपाली काँग्रेसको नगर सभापतिमा निर्वाचित भएपश्चात् अब के योजना छ ?***

– सर्वप्रथमतः मलाई राष्ट्रियता, लोकतन्त्र र समाजवादको नारा बोकेको लोकतान्त्रिक पार्टी नेपाली काँग्रेसको नगर सभापति पदमा निर्वाचित गराउनुहुने सम्पूर्ण पार्टी पंक्तिप्रति धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु । लोकतन्त्रको मूल्य मान्यतालाई आत्मसात गर्ने पार्टीको नगर सभापतिजस्तो गरिमामय र महत्वपूर्ण पदमा निर्वाचित हुन पाउँदा म खुश छु र थप गम्भीर भएकै छु, यसमा मलाई मत दिनुहुने प्रतिनिधिहरू नै यसमा थप आभारको पात्र हुनुहुन्छ । दोस्रो कुरा म बहुमतबाट विजयी भएको भए पनि म अहिले सिङ्गो नेपाली काँग्रेसको थाहा नगर प्रमुख हुँ । मैले मलाई कसकसले मत दिए भन्दा पनि म काँग्रेसको सिङ्गो नगर सभापति भएकोले मैले त्यही अनुसारको अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ भन्नेमा म सचेत छु । तेस्रो कुरा म एक्लै छुइन, दुई उपसभापति, दुई सचिब, दुई सहसचिब र सदस्यहरू हुनुहुन्छ । हाम्रो यो 'इन्टाएर' टिमको पछाडि आम काँग्रेस कार्यकर्ताहरू छन् । तपाईको प्रश्नको जवाफ म यहीभित्र बाट दिन चाहन्छु । हाम्रो टिमको एउटै लक्ष्य छ, पार्टी बनाउने, नगर बनाउने ।

***पार्टी कसरी बनाउनुहुन्छ ?***

– तपाई हेर्नुस् न पार्टी कसरी बनाउने भन्दा पनि पार्टी कसरी बन्दैछ ? विगतको दशक यताको यहाँको राजनीतिक गणितले पनि यो प्रमाणित गरिसकेको छ । हाम्रो लोकप्रियता दिनप्रतिदिन बढ्दैछ । नगरमा वडा तहसम्म हाम्रो पार्टी संरचना बनिसकेको छ । पार्टीको माथिल्लो परिपत्र र निर्देशनअनुसार हामी थप परिचालित हुनेछौं । यस क्रममा आगामी निर्वाचनलाई समेत मध्यनजर गरी हामी थप सशक्त हुनेछौं । स्वतन्त्र अवस्थामा रहेका र अन्य पार्टीमा रहेकाहरू पनि अहिले हामी प्रति आकर्षित भइरहेका छन् । यो हाम्रो लागि खुशीको कुरा हो । चुनौति उनीहरूको व्यवस्थापनको हो । यसअघि पनि हामीतिर कुनकुन पार्टीबाट कुनकुन हैसियतका मानिसहरू आइरहेका छन् भन्ने तपाईंको मिडियालाई थाहा नै होला । उहाँहरू सबैको धारणा काँग्रेस बलियो बनाउनुपर्छ भन्ने नै छ । हाम्रो समग्र लक्ष्य नगरमा पार्टीलाई एक नम्बर बनाउने नै हो । हाम्रो सिद्धान्त, लक्ष्य, कार्यदिशाबारे बुझाएर जनतालाई आकर्षित गर्ने र सोही अनुसारको कार्यशैलीबाट व्यापक जनमत सिर्जना गरेर हामी नगरको पहिलो पार्टी बन्न सक्छौं भन्ने हाम्रो विश्वास रहेको छ ।

***ए होर, अनि नगरचाहिँ कस्तो बनाउने हो त ?***

– ए होर भनेर तपाईले काँग्रेस थाहानगरको ठूलो पार्टी बन्न कसरी सक्छ भन्नेतर्फ इङ्गित गरेजस्तो लाग्यो । यसको जवाफ त समयले नै देला । तर अहिले नगरपालिकामा जुन ढंगले काम भइरहेको छ, जसरी विकासको मोडलबारे चर्चा भइरहेको छ, यसमा जनतालाई भ्रम छर्ने मात्र काम भइरहेको छ । नगरपालिका जुन गति र तरिकाबाट अघि बढ्नुपर्थ्यो, जे हुनुपर्थ्यो, त्यो भइरहेको छैन । समग्रमा थाहानगर समृद्धिको बाटोमा अघि बढिरहेको छैन । अहिलेको कतिपय विकास भोलिका लागि विनासको कारण बन्नेछ । संघीयताको सही कार्यान्ययन संघ र प्रदेशको बजेट र योजना देखाएर हुँदैन । नगरको बजेटबाट ठोस रूपमा नगरस्तरमा यो विकास भयो भन्न सकिने अवस्था स्थानीय निर्वाचनको चार वर्षमा पनि सिर्जना हुन सकेको छैन । यो हाम्रो विडम्बना नै हो । यसको लागि जो सरकारमा छ, उही जिम्मेवार हुनुपर्छ । त्यस्तो महशुस गरेको पनि देखिँदैन । त्यसैले अब काँग्रेसको पक्षमा जनमत सिर्जना गर्ने र आगामी निर्वाचनमा पहिलो पार्टीको हैसियतमा पुगेर थाहानगरको समृद्धिमा ठोस काम गर्ने हाम्रो एक मात्र लक्ष्य हो । यस क्रममा यहाँका अन्य राजनीतिक दल, सामाजिक संघसंस्थासँग सहकार्य गरेर श्रोतको अधिकतम परिचालन गर्नेमा हाम्रो ध्यान केन्द्रित रहन्छ ।

# थाहानगरमा 'सूचनाको हक' सम्बन्धी अन्तरक्रिया

◆ विकास संवाददाता

राष्ट्रिय सूचना आयोगले चालु आर्थिक वर्ष २०७८/७९ को सूचनाको हक सम्बन्धी कार्यक्रम थाहा नगरपालिकाबाट शुरू गरेको छ । १८ असोजमा थाहानगरको जेसीज सभा हलमा जनप्रतिनिधि, कर्मचारी, समूह र समुदायसँग अन्तरक्रिया कार्यक्रम गरी आयोगले सूचनाको हकसम्बन्धी देशव्यापी अन्तरक्रिया कार्यक्रमको शुरूवात गरेको हो ।

थाहामा जनप्रतिनिधिहरूसँग अन्तरक्रिया गर्न राष्ट्रिय सूचना आयोगकी आयुक्त कमला ओली, आयोगका सचिब भागिरथ पाण्डेय, उपसचिब कपिलप्रसाद उपाध्याय लगायतको उच्चस्तरको समूह थाहानगर आइपुगेको थियो । थाहाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजका सदस्य, पत्रकार लगायत सहभागी कार्यक्रममा आयुक्त ओलीले गत वर्ष कोभिड–१९ का कारण कतिपय कार्यक्रमहरू आयोजन ागर्न नसकिएको बताउँदै यस वर्ष केही सहज अवस्था सिर्जना हुनेवित्तिकै स्वीकृत कार्यक्रम लिएर समुदायसम्म आइपुगेको बताइन् । उनले थाहा नगरपालिकाको नाम नै सूचना पाउने विषयसँग जोडिएको र नामजस्तै काम गरेर उत्कृष्ट हुन सफल भएको




प्रसङ्ग कोट्याउँदै सार्वजनिक निकायबाट सार्वजनिक महत्वका सूचना पाउनु प्रत्येक नागरिकको अधिकार भएको बताइन् ।

आयुक्त ओलीले नेपालकै उत्कृष्ट सूचना अधिकारी थाहा नगरपालिकाले पाएकोमा नगरपालिका र नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलको उच्च प्रशंसा पनि गरिन् । अन्तरक्रिया कार्यक्रमको शुरुमा सूचना आयोगका सचिब पाण्डेयले सूचनाको हकसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्र प्रस्तुत गर्दै उनले सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था, सूचनाको संरक्षणसम्बन्धी व्यवस्था, सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था, प्रमुख जिल्ला अधिकारीको अधिकार लगायतका विषयमा प्रष्ट पारेका थिए । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै आयोगका उपसचिब कपिलप्रसाद उपाध्यायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट मात्र सुशासन कायम हुनेमा जोड दिए ।

थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बोल्दै उनले सूचनाको हक सम्बन्धमा थाहा नगर पालिकाले गरेको केही असल अभ्यासहरू सुनाएका थिए । सोही कार्यक्रममा नगर उपप्रमुख खड्गबहादुर गोपालीले थाहा नगरपालिकाले सबैको लागि थाहा पाउने काम गरेको भन्दै सूचनाको हक कार्यान्वयनको लागि नगरपालिका प्रतिवद्ध रहेका बताए ।

# थाहानगर बालक्लब संजालको अध्यक्षमा खुशी निर्वाचित

◆ विकास संवाददाता

थाहा नगरपालिकामा क्रियाशील बाल क्लबका प्रतिनिधिहरूको कार्यक्रमबाट नगरस्तरीय बाल क्लब सञ्जाल गठन गरिएको छ । थाहा नगरपालिका सामाजिक विकास शाखा र महिला बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचय पत्र वितरण शाखाका प्रमुखहरूको उपस्थितिमा नगरस्तरीय बाल क्लब सञ्जाल गठन गरिएको हो ।

थाहा नगरका विभिन्न वडामा गठित वडा स्तरीय बाल क्लबका प्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रमबाट सुनौला मावि कुञ्छालमा कक्षा ९ मा अध्ययनरत खुशी गोपालीको अध्यक्षतामा १५ सदस्यीय नगर बाल क्लब सञ्जाल गठन गरिएको हो ।

सञ्जालको उपाध्यक्षमा सरस्वति मावि देउखेलमा अध्ययनरत कृष्णप्रसाद न्यौपाने, सचिबमा इअन इंगलिश एकेडेमी बज्रवाराहीमा अध्ययनरत एलिसा गोपाली, कोषाध्यक्षमा सुनौला माविमा अध्ययनरत विनोद गोपाली र सहसचिबमा बागेश्वरी मावि नौखण्डेमा अध्ययनरत बिशाल गोले रहेका छन् ।

त्यसैगरी सञ्जालका सदस्यहरूमा जनकल्याणमा माविकी प्रकृति थापा, जनकल्याण माविकै ईश्वरी कार्की, मत्स्य नारायण माविकी पवित्रा गुरूङ, हिमालयन इंगलिश सेकेण्डरी बोर्डिङ स्कूलकी प्रतिभा लामा, दुर्गादेवी प्राविकी अस्मिता घलान, इन्द्रायणी माविका रमित ढकाल लगायत रहेका छन् ।

नवगठित बाल क्लब सञ्जालका पदाधिकारीहरूलाई थाहा नगरपालिकाका प्रमुख लवशेर विष्ट, निमित्त प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, महिला बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचय पत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तान, सूचना अधिकारी सुरजकुमार भुजेल, सिविन नेपालका मकवानपुर संयोजक झविन्द्र ज्ञवाली, सिविन नेपालकै अधिकृत सम्झना अधिकारी लगायतले एक कार्यक्रमबीच बधाई तथा शुभकामना दिएका थिए ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७८ असोज १८ गते सोमबार, 04 Oct. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com

## स्थानीय तहको संख्या र सिमाना हेरफेर गर्न के छ व्यवस्था ?




◆ विकास संवाददता

सरकारले जनसंख्या, भौगोलिक अवस्थिति, आर्थिक सम्भाव्यता, विकास, निर्माणलगायतलाई आधार मानेर गाउँपालिकालाई नगरपालिका, नगरपालिकालाई उपमहानगर र उपमहानगरबाट महानगर घोषणा गर्न सक्ने संविधानले परिकल्पना गरेको छ ।

स्थानीय सरकारको सिफारिस प्रदेश हुँदै केन्द्रमा आइपुगेपछि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले गाउँपालिकाको विभाजन, वडा विभाजन, नगरपालिका, उपमहानगर र महानगरपालिका घोषणा गर्न सक्छ । त्यसका लागि गाउँपालिका, महानगरपालिकाको कार्यपालिकाको बहुमत आवश्यक पर्छ ।

गाउँपालिका वा नगरपालिकाको संख्या वा सिमाना हेरफेर गर्नुपरे त्यस्तो हेरफेरबाट प्रभावित हुने गाउँपालिका वा नगरपालिकाको सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनुपर्छ ।

प्रदेश सरकारले त्यस्तो प्रस्ताव प्राप्त भएको १५ दिनभित्र नेपाल सरकारमा सिफारिस गर्नुपर्छ । प्रदेश सरकारबाट सिफारिस प्राप्त भएपछि नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकाको संख्या वा सिमाना हेरफेर गर्न सक्छ ।

एक जिल्लाको गाउँपालिका वा नगरपालिकालाई अर्को जिल्लामा पर्ने गरी संख्या वा सिमाना हेरफेर गर्न पाइँदैन । यस्तो कार्य गाउँपालिका तथा नगरपालिकाको निर्वाचन हुने मितिभन्दा कम्तीमा १ वर्षअगावै गरिसक्नुपर्ने कानुनी व्यवस्था छ ।

के आधारमा गाउँपालिका तथा नगरपालिकाको संख्या र सिमाना हेरफेर गर्न सकिन्छ ?

- जनसंख्या
- भूगोल
- प्रशासनिक सुगमता
- पूर्वाधार विकासको अवस्था
- आर्थिक सक्षमता (प्राकृतिक स्रोत-साधनको उपलब्धता)
- भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोट

गाउँपालिका तथा नगरपालिका एकआपसमा गाभिन चाहे के गर्नुपर्छ ?

कुनै जिल्लाभित्रका आपसमा सिमाना जोडिएका दुई वा सोभन्दा बढी नगरपालिका र नगरपालिका, गाउँपालिका र गाउँपालिका वा नगरपालिका र गाउँपालिकाले गाभिन चाहे सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट एकआपसमा गाभिने प्रस्ताव पारित गर्न सक्छन् ।

त्यस्तो प्रस्तावमा नयाँ कायम हुने गाउँपालिका वा नगरपालिकाको नाम, वडाको सिमाना, संख्या तथा केन्द्रसमेतको विवरण खुलाई प्रदेश सरकारमा पठाउनुपर्छ ।

प्रदेश सरकारले त्यस्तो प्रस्तावको आर्थिक तथा सामाजिक पक्ष विश्लेषण गरी ३० दिनभित्र नेपाल सरकारमा सिफारिस गर्नुपर्छ । नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकालाई एकआपसमा गाभ्ने निर्णय गर्न सक्छ ।

गाभिई कायम भएका गाउँपालिका वा नगरपालिकालाई संघीय र प्रदेश सरकारले गाभिनुभन्दा अगावै प्रदान गर्दै आएको अनुदानको अतिरिक्त थप अनुदान उपलब्ध गराउनेछ ।

गाउँपालिका तथा नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्न चाहे के गर्नुपर्छ ?

गाउँपालिका तथा नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्न चाहे सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतले गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्ने प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनुपर्छ ।

नेपाल सरकारले उपयुक्त देखे त्यस्तो गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न सक्छ । तर, गाउँपालिका तथा नगरपालिकाको पहिलो निर्वाचन भएको मितिले ६ महिनाभित्र नाम वा केन्द्र हेरफेर गर्नुपरे सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट प्रस्ताव पारित गरी पठाउन सक्छन् ।

यस्तो प्रस्ताव पारित गरी गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न नेपाल सरकारमा सिफारिस गरे एक पटकका लागि संघीय सरकारले सो सिफारिसबमोजिम नाम वा केन्द्र हेरफेर गर्नुपर्छ । यस्तो निर्णय नेपाल राजपत्रमा प्रकाशन भएपछि लागू हुन्छ ।

वडाको संख्या र सिमाना हेरफेर कसरी हुन्छ ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा ५ देखि २१ वडा र नगरपालिकामा ९ देखि ३५ सम्म वडाहरू रहन सक्छन् । गाउँ वा नगरसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाए संघीय सरकारले ६ महिनाभित्र वडाको संख्या वा सिमाना हेरफेर गर्नुपर्छ ।

गाउँपालिका वा नगरपालिकाको पहिलो निर्वाचन भएको ६ महिनाभित्र वडाको सिमाना हेरफेर गर्न गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाएपछि संघीय सरकारले वडाको सिमाना हेरफेरको निर्णयगर्छ ।

सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत संघीय सरकारमा पठाए नेपाल सरकारले त्यस्तो कुनै वडालाई सिमाना जोडिएको गाउँपालिका वा नगरपालिकामा समावेश गर्न सक्छ ।

वडाको केन्द्र हेरफेर गर्न के गर्नुपर्छ ?

कुनै वडाको केन्द्र हेरफेर गर्न आवश्यक भए वडा समितिको परामर्शमा गाउँसभा वा नगरसभामा तत्काल कायम

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भएपछि पहिलो पटकका लागि भने सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्छन् । वडाको केन्द्र हेरफेर भएको निर्णयको जानकारी ३५ दिनभित्र प्रदेश सरकार र संघीय सरकारमा पठाउनुपर्ने व्यवस्था उक्त ऐनले गरेको छ ।*

रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरी गर्न सक्ने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भएपछि पहिलो पटकका लागि भने सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्छन् । वडाको केन्द्र हेरफेर भएको निर्णयको जानकारी ३५ दिनभित्र प्रदेश सरकार र संघीय सरकारमा पठाउनुपर्ने व्यवस्था उक्त ऐनले गरेको छ ।

हाल कायम भएको कुनै स्थानीय तहलाई नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका घोषणा गर्न के गर्नुपर्छ ? त्यसको लागि जनसंख्या र आन्तरिक आय कति हुनुपर्छ ?

सरकारले सम्बन्धित स्थानीय तह र प्रदेश सरकारसँग परामर्श गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिएका सर्त तथा सुविधा पूरा गरेको आधारमा नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका घोषणा गर्न सक्छ । यसरी घोषणा गर्दा त्यस्तो स्थानीय तहको जनसंख्या र आन्तरिक आय सरकारले कायम गरेको सर्तअनुसार हुनुपर्छ ।

## विद्युतीय बस खरिदका लागि पुनः अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरिने




◆ विकास संवाददता

बागमती प्रदेश सरकारले विद्युतीय बस खरिदका लागि पुनः अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्ने भएको छ । प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात व्यवस्थापन बोर्डमार्फत प्रदेश सरकारले बोलपत्र आह्वान गर्न लागेको हो ।

बोर्डले १८ चैत २०७७ मा विद्युतीय बस खरिदका लागि आह्वान गरेको बोलपत्र रद्द गरी पुनः बोलपत्र गर्ने तयारी थालेको बोर्डका निर्देशक जगदीश ढुंगानाले जानकारी दिए ।

उनका अनुसार मन्त्रालयले बस खरिदका लागि अध्ययन गरी तयार परेको लागत अनुमानभन्दा बढी रकमको बोलपत्र परेकाले सो बोलपत्र रद्द गर्नुपरेको थियो ।

लागत अनुमानभन्दा २९ दशमलव ८३ प्रतिशत बढीको प्रस्ताव बोलपत्रदाताले पेस गरेका कारण रद्द गर्नुपरेको निर्देशक ढुंगानाको भनाइ छ । यसका लागि आवश्यक सम्पूर्ण कागजी प्रक्रिया सम्पन्न गरी बोलपत्र आह्वान गर्न मन्त्रालयसँग सहकार्य भइरहेको छ ।

पहिले नै आह्वान गरिएको लागत मूल्यमा ३० वटा विद्युतीय बस र १५ वटा चार्जर खरिदका लागि ग्लोबल टेन्डर आह्वान गरिने उनले बताए । हालै मन्त्रालयमा भएको सचिवको हेरफेरले यो काम केही दिन पर सरेकामा अब केही दिनमै बोर्डको बैठक बसेर निर्णय हुने र प्रक्रिया सुरू गरिने निर्देशक ढुंगानाले जानकारी दिए ।

बस सञ्चालनका लागि आवश्यक चार्जिङ स्टेसन निर्माण प्रक्रियासमेत अघि बढाइनुका साथै मन्त्रालय र बोर्डका प्रतिनिधिले संयुक्त रूपमा विभिन्न जिल्लाको स्थलगत अवलोकन गरेका थिए । बस सञ्चालन हुने मार्गका केही स्थानमा चार्जिङ स्टेसन निर्माण प्रक्रिया सुरू गरिएको छ ।

बोर्डले काठमाडौंको गोंगबु बसपार्क, हेटौंडा बसपार्क, भरतपुरको पारस बसपार्क, धादिङको गजुरी, काभ्रेको धुलिखेल र नुवाकोटको बट्टार तथा विदुर बसपार्कमा चार्जिङ स्टेसन निर्माण प्रक्रिया अघि बढाएको छ ।

चाडपर्व हाम्रा साँस्कृतिक पहिचान, मद्यपान र जुवातास विकृतिको मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

उपभोग्य वस्तु खरिद गर्दा
उपभोग्य मिति
हेरेर मात्र खरिद गरौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी